जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ९७ • २०८२ माघ १४ गते बुधवार • 28 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# प्रतिनिधिसभा सदस्य निर्वाचनले महोत्तरी जिल्लाको राजनीतिक वातावरण असाध्यै तातिए

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ माघ



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनले महोत्तरी जिल्लाको राजनीतिक वातावरण असाध्यै तातिएको छ । मधेशको राजनीतिमा सधैं अर्थपूर्ण भूमिका खेल्दै आएको यो जिल्ला यसपटक झनै विशेष चासोको विषय बनेको छ । कारण हो, चारवटै निर्वाचन क्षेत्रमा सात जना पूर्वमन्त्रीहरूको प्रत्यक्ष प्रतिस्पर्धा । अनुभव, पहुँच र विगतका राजनीतिक उपलब्धि बोकेका यी नेताहरूको उपस्थितिले महोत्तरीको चुनावलाई सामान्य प्रतिस्पर्धाभन्दा माथि उठाएर राष्ट्रिय तहकै चासोको विषय बनाइदिएको छ ।

महोत्तरी क्षेत्र नं-१ मा पूर्वस्वास्थ्य तथा जनसङ्ख्या मन्त्री गिरिराजमणि पोखरेल प्रमुख प्रतिस्पर्धीका रूपमा देखिनु भएको छ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट उम्मेदवारी दिनु भएका पोखरेलले स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा आफूले खेलेको भूमिकालाई मतदातासामु प्रस्तुत गरिरहनु भएको छ । उहाँसँग नेकपा (एमाले)का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले मैदानमा उत्रिनु भएकाले यो क्षेत्र त्रिकोणात्मक प्रतिस्पर्धाको केन्द्र बनेको छ ।

यहाँ मतदाताले पार्टीप्रति निष्ठा देखाउने कि उम्मेदवारको व्यक्तिगत क्षमतालाई प्राथमिकता दिने भन्ने प्रश्न उठेको छ। क्षेत्र नं-२ मा पूर्वश्रम, रोजगार तथा यातायात मन्त्री शरत सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवार बन्नुभएको छ। मधेश आन्दोलनका अनुभवी र प्रभावशाली नेता भण्डारीलाई यहाँ बलियो दावेदार मानिए पनि प्रतिस्पर्धा सहज छैन । नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले)का कासिम नदाफले कडा चुनौती प्रस्तुत गरिरहनु भएको छ ।

रोजगारी, विकास र मधेशको पहिचानका मुद्दाले यो क्षेत्रको चुनावी बहसलाई तातो बनाएको छ। महोत्तरी क्षेत्र नं-३ को राजनीतिक कथा अझै रोचक छ। पूर्व कृषि मन्त्री हरिनारायण यादव पार्टीबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारका रूपमा मैदानमा उत्रिनु भएको छ। उहाँको व्यक्तिगत प्रभाव र पुरानो जनसमर्थन कति निर्णायक हुन्छ भन्ने चासो बढेको छ। अर्कोतर्फ पूर्व गृहराज्यमन्त्री मोहम्मद रिजवान नेपाल सङ्घीय समाजवादी पार्टीबाट उम्मेदवार बन्नु भएको छ। यस क्षेत्रबाट कांग्रेस, एमाले, जसपा, राष्ट्रिय स्वतन्त्र पार्टी तथा स्वतन्त्र उम्मेदवार गरी धेरै प्रतिस्पर्धी रहेकाले मत विभाजन हुने सम्भावना उच्च देखिन्छ ।

क्षेत्र नं-४ मा त झनै रोचक दृश्य देखिएको छ । पूर्व कृषि मन्त्री महेन्द्रकुमार राय (नेपाली कांग्रेस), पूर्वस्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादव (जसपा नेपाल) र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह (नेकपा) एकै क्षेत्रबाट चुनाविक मैदानमा हुनुहुन्छ । यसमा एमालेका उम्मेदवार निलम अधिकारीको उपस्थितिले प्रतिस्पर्धा थप चर्किएको छ ।

समग्रमा, महोत्तरीको निर्वाचन यसपटक अनुभवीविरुद्ध नयाँ सोच, दलगत संगठनविरुद्ध व्यक्तिगत प्रभावको स्पष्ट परीक्षण बनेको छ । चारवटै क्षेत्रका मतदाताले विगतको कार्यसम्पादन, विकासप्रतिको प्रतिबद्धता र स्थानीय समस्याप्रतिको संवेदनशीलतालाई आधार मानेर निर्णय गर्ने अपेक्षा गरिएको छ। सात पूर्वमन्त्रीको प्रत्यक्ष प्रतिस्पर्धाले महोत्तरीको चुनावलाई केवल स्थानीय नभई राष्ट्रिय राजनीतिक चासोको केन्द्रमा ल्याएको छ ।

# महेशकुमार बस्नेत नेपाली कांग्रेसमा प्रवेश

जलेश्वरटुडे समाचारदाता
धनुषा, १३ माघ



केही दिनअघि पत्रकार सम्मेलनमार्फत पार्टी परित्यागको घोषणा गरेका नेकपा एमाले मधेश प्रदेश कमिटी सदस्य महेशकुमार बस्नेत नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ। सोमबार धनुषाको ढल्केबरमा आयोजित नेपाली कांग्रेस मिथिला नगरपालिका नगर कार्यसमितिको विस्तारित बैठक तथा पार्टी प्रवेश कार्यक्रममा उहाँ औपचारिक रूपमा कांग्रेसमा प्रवेश हुनुभएको हो ।

बस्नेतसँगै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) धनुषा जिल्ला सदस्य राजकुमार थापा र तत्कालीन नेकपा माओवादी केन्द्रबाट मिथिला नगरपालिका-१० का वडा अध्यक्ष प्रत्याशी शिवकुमार घिमिरेले पनि आ-आफ्नो पार्टी परित्याग गर्दै नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ ।

यसैगरी, जनता समाजवादी पार्टी, नेपाली कम्युनिस्ट पार्टी तथा वाइसिएलका सदस्यहरू समेत गरी करिब एक सय जना नेता-कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका छन्। नवप्रवेशीलाई नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधि, महेन्द्र यादव, जिल्ला सभापति योगेन्द्रप्रसाद साहलगायतका नेताहरूले अबिर र माला लगाएर पार्टीमा स्वागत गनगर्नुभएको थियो। कार्यक्रममा कांग्रेस नेताहरूले पछिल्लो समय विभिन्न दलबाट कांग्रेसप्रति आकर्षण बढ्दै गएको उल्लेख गर्दै संगठनलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो ।

कांग्रेस प्रवेशपछि बोल्दै महेशकुमार बस्नेतले एमालेभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको, कार्यकर्ताको आवाज सुन्ने संस्कार नभएको तथा स्थानीय तहका जनसमस्याप्रति नेतृत्व गम्भीर नदेखिएको कारण एमाले परित्याग गर्न बाध्य भएको बताउनुभयो ।

# यदुकहा विद्यालयमा शैक्षिक सुधार मागसहित सात बुँदे ज्ञापन-पत्र



ओम प्रकाश
धनुषा, १३ माघ

शहिद नगर पालिका अन्तर्गत श्री ज. ए. मा. वि. यदुकहामा शैक्षिक सुधारका मागसहित आज मंगलबार सात बुँदे ज्ञापन-पत्र बुझाइएको छ।

शैक्षिक सुधार समितिको निर्णयअनुसार संयोजक सत्य नारायण साहको नेतृत्वमा विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक-अभिभावक संघ गठन, सामाजिक परीक्षण, वार्षिक कार्य योजना सार्वजनिक, सिकाइ उपलब्धि सुधार, अभिभावक भेला तथा शिक्षक-कर्मचारी विवरण सार्वजनिक गर्न माग गरिएको हो। ज्ञापन-पत्रको बोधार्थ शहिद नगरपालिका कार्यालय लाई समेत पठाइएको छ । विद्यालयका प्रधानाध्यापक प्रदीप कुमार साहले विद्यालय सुधारका लागि समुदायको सक्रिय भूमिका अपरिहार्य रहेको बताउँदै भने, "विद्यालयको गुणस्तर सुधार सबैको साझा दायित्व हो, समितिको सुझावलाई सकारात्मक रूपमा लिइएको छ ।" त्यस्तै विद्यालय व्यवस्थापन समिति अध्यक्ष नागेन्द्र प्रसाद मण्डलले पारदर्शिता र जवाफदेहिता लाई प्राथमिकता दिने प्रतिबद्धता जनाउँदै भने, "विद्यालय व्यवस्थापनमा पारदर्शिता र अभिभावक सहभागिता बढाएर सुधार प्रक्रिया अघि बढाइनेछ ।"

उनले स्थानीय सरकारको शिक्षा क्षेत्रमा प्राथमिकता कम देखिएको उल्लेख गर्दै शहिद नगरपालिकाले ३० वटा विद्यालयका भौतिक पूर्वाधार विकासका लागि मात्र २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको तथ्य समेत उद्रित गरे । कार्यक्रममा अभिभावक, शिक्षक, स्थानीय बुद्धिजीवी तथा सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# झुटभन्दा तीतो सत्य रोजौं

*सत्य प्राय: तीतो नै रहेको देखिन्छ । सत्यले प्रश्न गर्छ, असुविधा दिन्छ र हाम्रो आरामदायी भ्रम तोडिदिन्छ । त्यसैले सत्य भिडको रोजाइमा पर्दैन । लोकप्रिय हुन त झुट सजिलो हुन्छन । झुट मीठो हुन्छ, भावनात्मक हुन्छ र सोच्न नपर्ने खालको हुने देखिन्छ । यही कारणले झुट छिटो फैलिन्छ र सत्य ढिलो पुग्ने देखिन्छ । त्यसैले भनिएको हो, झुटको समयमा सत्य बोल्नु नै विद्रोह छ । अहिले नेपालमा यही विद्रोह दबाउने प्रयास भइरहेको देखिन्छ । तथ्यलाई 'नकारात्मकता' भनिन्छ, आलोचनालाई 'हेट' भनिन्छ, प्रश्नलाई 'एजेन्डा' ठहर गरिन्छ । लोकप्रियताका भोका पात्रहरूलाई सत्य सबैभन्दा ठूलो शत्रु हुन्छ, किनकि सत्यले उनीहरूको खोक्रो नाराको खोल फोडिदिन्छ । त्यसैले सत्यलाई भावनाको धुवाँमा लुकाउने, बहसलाई गालीमा झार्ने र भिडलाई उत्तेजित बनाइराख्ने रणनीति हावी हुँदै गरेको देखिन्छ । इतिहासले लोकप्रियता र सत्यबीचको अन्तर बारम्बार देखाइसकेको छ । त्यसैले लोकप्रियताको उन्मादबाट बाहिर निस्कौं । मीठो झुटभन्दा तीतो सत्य रोजौं । भाषणभन्दा दृष्टि हेरौं, तालीभन्दा परिणाम हेरौं । फागुन २१ मा सचेत बनौं, जिम्मेवार बनौं र इतिहासको सही पक्षमा उभिऔं । यही लोकतन्त्रप्रतिको सच्चा निष्ठा रहेको छ र यही नागरिकको वास्तविक कर्तव्य पनि रहेको देखिन्छ ।*

# गुजरा नगरपालिकाकी उपमेयरमाथि हातपात

जलेश्वरटुडे समाचारदाता
रौतहट, १३ माघ





रौतहटको गुजरा नगरपालिकाकी उपमेयरमाथि हातपात भएको छ। साथै गाडीमा तोडफोड भएको छ । उपमेयर रत्ना लामाले आफूमाथि सोमबार नगरपालिकाको कार्यालय परिसरमै हातपात भएको बताइन् ।

उनले मेयर सन्तलाल चौधरीको इशारामा वडा नम्बर १ का स्थानीय महिलाहरूको समूहले कार्यालय परिसरमै आएर आफूमाथि कुटपिट तथा दुर्व्यवहार गरेको आरोप लगाइन् । लामाका अनुसार त्यसअघि मेयरका भाइ-भतिजाले आफू सवार प्रदेश २-०३-००१ झ ००२१ नम्बरको गाडी गुजरा-१ र ९ को सिमानामा पर्ने लमाहा खोलामा रोकेर तोडफोड गरेका थिए । त्यसपछि नगरपालिका पुगेपछि कार्यालय परिसरमै हातपात भएको उनको भनाइ छ। उपमेयर लामाले वडा नम्बर १ मा सहकारीमार्फत भइरहेको मलखाद्य वितरणमा नयाँ डिलर दर्ता गराउन मेयर पक्षले दबाब दिएको तर आफूले कानुनअनुसार मात्र काम गर्न निर्देशन दिएको बताइन् । यही विषयलाई लिएर आफूमाथि आक्रमण र गाडी तोडफोड गरिएको उनको दाबी छ ।

घटनाबारे अनुसन्धान र कारबाहीको माग गर्दै आज इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा लिखित उजुरी दिने उनले जानकारी दिइन् । गुजरा नगर कार्यपालिका सदस्य विजय साह बानियाँले घटनामा मेयर पक्षका स्थानीय र आफन्तको संलग्नता रहेको आरोप लगाउँदै दोषीमाथि कारबाही हुनुपर्ने बताए । यता, मेयर सन्तलाल प्रसाद चौधरीले भने घटनामा आफ्नो संलग्नता नरहेको दाबी गरेका छन् ।

# सभापति गगनकुमार थापा सर्लाहीमा



जलेश्वरटुडे समाचारदाता
सर्लाही, १३ माघ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सोमबार दिउँसो सर्लाही आइपुग्नुभएको छ । फागुन २१ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा सर्लाही ४ बाट उम्मेदवारी दिनुभएका थापा सोमबार दिउँसो आफ्नो निर्वाचन क्षेत्रमा आइपुग्नुभएको हो । विमानमार्फत सिमरा विमानस्थल हुँदै आउनुभएका थापालाई नेता, कार्यकर्ताले सर्लाही र रौतहटको सीमामा स्वागत गर्नुभएको छ ।

थापा सर्लाहीको मूर्तियास्थित मुक्तेश्वर बाबाधाम मन्दिरमा दर्शनपछि हजरियास्थित आफ्नो निर्वाचन क्षेत्र सर्लाही ४ मा प्रवेश गर्नुभएको छ। सभापति थापाले सोमबार अपरान्ह धनकौलस्थित क्षेत्र नं. ४ को नेपाली कांग्रेस क्षेत्रीय कार्य समिति पार्टी कार्यालयमा कार्यकर्तालाई सम्वोधन गर्ने कार्यक्रम रहेको नेपाली कांग्रेस सर्लाहीका पूर्व सभापति सुरेन्द्रप्रसाद सिंहले जानकारी दिनुभयो ।

सिंहका अनुसार पार्टी सभापति थापा तत्काल चार दिन सर्लाही ४ मै बसेर नेता, कार्यकर्तासँग भेटघाट र मतदातासँग भेट गर्ने कार्यक्रम रहेको छ ।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: आम्दानी हुने
वृष: पिछ्डेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: मित्रतामा फाटो आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# भूमध्यसागरमा जनवरीको पहिलो सातामै सयौँ आप्रवासी बेपत्ता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ माघ



सन् २०२६ को सुरुवातमै भूमध्यसागरमा आप्रवासीहरूको अवस्था भयावह देखिएको छ। संयुक्त राष्ट्रसङ्घको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनले जनवरी महिनामा मात्रै सयौँ आप्रवासीहरू डुङ्गा दुर्घटनामा परी बेपत्ता भएको जनाएको छ । खराब मौसमका कारण खोजी र उद्धार कार्यमा गम्भीर अवरोध उत्पन्न भइरहेको भन्दै आईओएमले यस विनाशकारी अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ ।

आईओएमका प्रवक्ता जोर्गे गालिन्डोका अनुसार विगत १० दिनमा मात्रै तीनवटा ठूला डुङ्गा डुबेका रिपोर्टहरू प्राप्त भएका छन्। जसमा जनवरी २३ मा दुईवटा र जनवरी २५ मा एउटा दुर्घटना भएको थियो। यी दुर्घटनाहरूमा हालसम्म १०४ जनाले ज्यान गुमाएको पुष्टि भइसकेको छ। यी डुङ्गाहरू लिबिया र ट्युनिसियाको तटबाट युरोपतर्फ प्रस्थान गरेको अनुमान गरिएको छ । यसैबीच, बेपत्ता आप्रवासी परियोजनाकी तथ्याङ्क विश्लेषक मिरना अब्देल आजिमले जनवरी १४ देखि २१ को बीचमा विभिन्न नौवटा डुङ्गाहरू दुर्घटनामा परेको र त्यसमा सवार करिब ३८० व्यक्तिहरू अझै बेपत्ता रहेको बताएकी छन्। ट्युनिसियाको तटबाट बेपत्ता भएका ती डुङ्गाहरूको खोजी र अनुसन्धान भइरहेको उनले जानकारी दिइन् । आईओएमले हालसम्म जनवरी २३ को घटनासँग सम्बन्धित तीन जनाको मात्रै मृत्यु भएको आधिकारिक रूपमा पुष्टि गर्न सकेको छ । आईओएमले चेतावनी दिँदै मध्य भूमध्यसागरीय मार्ग विश्वकै सबैभन्दा खतरनाक आप्रवासन मार्ग रहेको उल्लेख गरेको छ ।

तथ्याङ्क अनुसार गत वर्ष मात्रै यो मार्गमा १ हजार ३४० जनाको मृत्यु भएको थियो । बेपत्ता आप्रवासी परियोजनाको रेकर्ड अनुसार सन् २०१४ देखि हालसम्म भूमध्यसागरमा ३३ हजारभन्दा बढी आप्रवासीले ज्यान गुमाएका छन् वा बेपत्ता भएका छन् ।

# बक्स अफिसमा 'बोर्डर २' को सुनामी : ४ दिनमै २३९ करोड कमायो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ माघ



सन्नी देओलको फिल्म 'बोर्डर २' ले बक्स अफिसमा तहल्का मच्चाइरहेको छ। २३ जनवरीमा रिलिज भएको यो फिल्मले ओपनिङ डेदेखि नै आक्रामक व्यापार गर्दै चार दिनभित्रै विश्वभरबाट २३९ करोड भारतीय रुपैयाँ कमाउन सफल भएको छ ।

भारतको गणतन्त्र दिवसको बिदाको भरपुर फाइदा उठाउँदै फिल्मले सोमबार मात्रै ५९ करोड भारु कलेक्सन गरेको छ। अनुराग सिंहको निर्देशनमा बनेको यो फिल्म सन् १९७१ को भारत-पाकिस्तान युद्धमा आधारित छ। फिल्मले रिलिजको तीन दिनमै १०० करोडको आँकडा पार गरेको थियो। चौथो दिनको कमाइसँगै भारतमा मात्र फिल्मको कुल नेट कलेक्सन १७७ करोड भारु पुगेको छ भने ग्रस कलेक्सन २१२.२ करोड पुगेको छ। विदेशबाट पनि फिल्मले राम्रो कमाइ गर्दै २७ करोड बटुलेको छ । पठानभन्दा पछि, तर फाइटर र पद्मावतलाई पछाऱ्यो- गणतन्त्र दिवसका दिन सर्वाधिक कमाइ गर्ने फिल्मको सूचीमा 'बोर्डर २' दोस्रो नम्बरमा उक्लिएको छ । यसले ऋतिक रोशनको 'फाइटर', रणवीर सिंहको 'पद्मावत', शाहरुखको 'रइस' र 'अग्निपथ' जस्ता फिल्मलाई पछि पारेको छ ।

# अस्ट्रेलियामा इतिहास रच्दै शिभाली गुरुङ, पहिलो खेल चिनियाँ खेलाडीसँग

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ माघ



अहिले अस्ट्रेलियामा विश्व टेनिसकै शीर्ष खेलाडीको जमघट छ र अस्ट्रेलियन ओपनको ट्रफी उचाल्नका लागि उत्कृष्ट खेलाडीहरू होडमा छन् । त्यही मेलबर्नमा नेपाली युवा टेनिस स्टार शिभाली भविष्यमा ग्राण्डस्लाम खेल्ने लक्ष्य स्वरुप पहिलो पाइला चाल्दैछिन् ।

नेपाली युवा टेनिस स्टार शिभाली गुरुङ हाल अस्ट्रेलियन ओपन अन्तर्गत एसिया-प्यासिफिक एलिट-१४ एन्ड अन्डर ट्रफी प्रतियोगिता खेल्न अस्ट्रेलियामा छिन् । वर्षको पहिलो ग्राण्डस्लाम अस्ट्रेलियन ओपनको दौरान हुने उक्त प्रतियोगिता यही जनवरी २८ देखि ३० सम्म मेलवर्नमा हुनेछ । शिभाली यो लेभलमा प्रतिस्पर्धा गर्ने पहिलो नेपाली खेलाडी बन्दैछिन् । एसिया-प्यासिफिक एलिट-१४ एन्ड अन्डर ट्रफी युवा खेलाडीको लागि आयोजना गरिने प्रतियोगिता हो । जहाँबाट भविष्यका स्टार खेलाडीहरू जन्मिने गर्छन् । शिभाली त्यहाँको वातावरणसँग घुलमिल हुनका लागि गत साता नै मेलवर्न पुगिसकेकी छन् । एसियामा यू-१४ उमेरसमूहमा चौथो वरीयतामा रहेकी शिभाली मलेसियामा केही साताको प्रशिक्षणपछि मेलबर्न पुगेकी हुन् । एसियन अस्ट्रेलियन फेडेरेसन र टेनिस अस्ट्रेलियाको सहकार्यमा शिभालीलाई यस ईभेन्टमा छनोट गरिएको हो ।

# चुनाव हुन ३७ दिन बाँकी, प्रत्यक्षतर्फको मतपत्र छपाइ शुरू

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ माघ




आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइको काम सम्पन्न भएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा सोमबार समानुपातिकतर्फको दुई करोड आठ लाख ५० हजारप्रति मतपत्र छपाइ कार्य सम्पन्न भएको आयोगले जनाएको हो । केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले समानुपातिकतर्फको मतपत्र छपाइ पूरा भएपछि प्रत्यक्षतर्फको शुरू भएको जानकारी दिए । उनका अनुसार केन्द्रले सोमबारदेखि प्रत्यक्षतर्फको मतपत्र छपाइ शुरू गरेको छ। केन्द्रले यसअघि १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेर निर्वाचन आयोगलाई पठाइसकेको थियो । ती मतपत्र मतदाता सचेतना तथा अन्य कामका लागि प्रयोग भइरहेका छन् ।



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# घोषणापत्रको मूल एजेन्डा : सुशासन र भ्रष्टाचार नियन्त्रण

-(२१ फागुनको निर्वाचनका लागि उम्मेदवारहरू आफ्नो घोषणापत्र लिएर जनतासमक्ष पुगिरहेका छन् । उनीहरू आफ्नो एजेन्डा सुनाइरहेका छन् । यतिबेला कान्तिपुरले भने जनताको एजेन्डा दल र उम्मेदवारलाई सुनाउनका लागि विशेष शृंखला 'कान्तिपुर विमर्श: नागरिक घोषणापत्र' सुरु गर्दैछ । तपाईंहरूले पनि खास क्षेत्रमा केन्द्रित रहेर यस शृंखलाका लागि घोषणापत्र लेख्न सक्नुहुनेछ । तथ्य, तथ्यांक र तर्कयुक्त घोषणापत्रलाई हामी स्थान दिनेछौं ।)

गत भदौ २३-२४ को जेन-जी विद्रोह युवाको क्षणिक असन्तुष्टि मात्रै थिएन । त्यो विद्रोह थियो- राज्य सञ्चालनमा विद्यमान संरचनात्मक समस्यामाथि उठेको गम्भीर प्रश्न । मूलत: त्यो विद्रोहमा सुशासनको स्थापना, भ्रष्टाचार नियन्त्रण र त्यसकै कारण सिर्जित आर्थिक असमानताको अन्त्य जस्ता विषय केन्द्रीय एजेन्डाका रूपमा थिए । 'नेपो बेबी, नेपो किड' जस्ता ह्यासट्यागले योग्यता होइन, नाता-सम्बन्ध, पहुँच र राजनीतिक संरक्षणमार्फत आर्थिक, सामाजिक, राजनीतिक अवसर तय गर्ने प्रवृत्तिमाथि युवा पुस्ताले प्रतिवाद गरेका थिए । जेन-जीले उठाएका मागलाई मिहिन रूपमा विश्लेषण गर्ने हो भने आगामी निर्वाचनमा राजनीतिक दलहरूले सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो प्रमुख एजेन्डा बनाउनु आवश्यक देखिन्छ । आम निर्वाचन २०७९ का घोषणापत्र : प्रतिबद्धता धेरै, कार्यान्वयन कमजोर- वि.सं. २०७९ को प्रतिनिधिसभा निर्वाचनमा प्रमुख राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकताका साथ उल्लेख गरेका थिए । तिनका घोषणापत्रमा समेटिएका थिए– अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुदृढ बनाउने, सार्वजनिक खरिद प्रणाली पारदर्शी बनाउने, सार्वजनिक सेवा प्रवाहलाई डिजिटल बनाउने, ई-गभर्नेन्स विस्तार गर्ने, दण्डहीनता अन्त्य गर्ने, सम्पत्ति विवरण बुझाउन अनिवार्य गर्नेलगायतका प्रतिबद्धता । नेपाली कांग्रेसले उक्त निर्वाचनमा 'सुशासन र पारदर्शिता' लाई मूल मन्त्र बनाउने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिने तथा सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाउने जस्ता प्रतिबद्धता व्यक्त गरेको थियो । यसैगरी नेकपा एमालेले 'सुशासन, विकास, समृद्धि र समानता' को नारा अगाडि सारेको थियो । साथै सार्वजनिक खरिद प्रक्रिया पारदर्शी बनाउन 'खरिद अनुगमन बोर्ड' लाई अधिकारसम्पन्न बनाउने, 'नो लाइन : सेवा अनलाइन' को अवधारणामार्फत डिजिटल सुशासन लागू गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । नेकपा ( माओवादी केन्द्र) ले 'समृद्धिका लागि क्रमभंगता' को संकल्प अघि सार्दै भ्रष्टाचार नियन्त्रण गर्न अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन, दोषीलाई कडा कारबाही र प्रशासनिक संरचनामा




व्यापक सुधारसहित जनउत्तरदायी बनाउने जस्ता प्रतिबद्धता सार्वजनिक गरेको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीले 'भ्रष्टाचार गरिन्न' भन्ने दृढ संकल्पसहित भ्रष्टाचारका मुद्दाहरूमा समयसीमा नराखी जुनसुकै बेला छानबिन र कारबाही गर्ने तथा अख्तियार र अदालत जस्ता निकायलाई राजनीतिक हस्तक्षेपमुक्त राख्ने लगायतको प्रतिबद्धता व्यक्त गरेको थियो । यस अवधिमा नेकपा (माओवादी केन्द्र) र नेकपा एमालेले सरकारको नेतृत्व गरे । तर यी दुवै दलले आफूले सार्वजनिक गरेको घोषणालाई फर्केर पनि हेरेनन् । अरू दुईवटा दल नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी पनि सरकारमा गए, तर उनीहरूले पनि सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा आफूले व्यक्त गरेको प्रतिबद्धतालाई वास्ता गरेनन् । आजका दिनमा नागरिकले भोगिरहेको यथार्थलाई फर्केर हेर्दा दलहरूको प्रतिबद्धता कागजमै सीमित भएको देखिन्छ । उच्च तहका भ्रष्टाचारका मुद्दामा छानबिन ढिलो, फैसला अझै ढिलो र सजाय झनै अपवादजस्तै देखिन्छ । त्यसलाई सुधार गर्ने काममा विगतको तीन वर्षमा राजनीतिक दलले सिन्को पनि भाँचेनन् । २०७९ को निर्वाचनमा दलहरूले आफ्ना घोषणापत्रमा भ्रष्टाचारविरुद्ध 'शून्य सहनशीलता' र 'शक्तिको विकेन्द्रीकरण' को प्रतिबद्धता व्यक्त गरेका थिए । तर, व्यवहारत: राजनीतिक संरक्षणकै कारण ठूला भ्रष्टाचारका काण्डमा संलग्न उच्च पदस्थ व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने काम प्रभावकारी रूपमा अघि बढेन ।

पतञ्जलि काण्ड, नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास काण्ड, पोखरा विमानस्थलमा भएको अनियमितता र सुन तस्करीलगायतका केही काण्डमा छानबिनले सुशासनको झिनो आशा जगाएको छ । दलहरूले अघि सारेको 'डिजिटल सुशासन' र 'झन्झटमुक्त सेवा' तर्फ खासै काम भएन । आम नागरिकले अझै सरकारी कार्यालयहरूमा सामान्य कामका लागि पनि लामो समय खर्चनुपर्ने र बिचौलियाको सामना गर्नुपर्ने अवस्था जस्ताको तस्तै छ ।

साभार : कान्तिपुर ।

## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलू, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क ब्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आबश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिंडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिंडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिंडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ बिशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्काले औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
स्वास्थ्य कार्यालय
धनुषा, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday